# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## दशौं वार्षिक साधारण सभा

## काम कारवाहीको विवरण (माइन्यूट)

(१) **बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र विकास बैंकको नियमावली बमोजिम बैंकको दशौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्रप्रसाद श्रेष्ठ ज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

(२) **सभाको मिति, स्थान र समय :**

मिति : २०७५ साल आश्विन २८ गते आइतबार (तद्अनुसार अक्टोबर १४, २०१८) ।

समय : बिहान १० : ३० बजे ।

स्थान : अम्रपाली कटेज एण्ड रेष्टुरेण्ट प्रा.लि., बुटवल, रुपन्देही ।

(३) **सभाको सूचना जारी**

(क) यस विकास बैंकको सञ्चालक समितिको मिति २०७५ आश्विन ०६ गते बसेको १८३ औं बैठकले निर्णय गरे बमोजिम बैंकको दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार मिति २०७५ आश्विन ०७ गते बुटवल टुडे राष्ट्रिय दैनिक र मिति २०७५ आश्विन ०८ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा गरी २ (दुई) पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम बार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा दशौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाइएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी विकास बैंकको केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु**

(क) **सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको आ.ब. २०७४/०७५ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव र नाफा नोक्सान बाँडफाँड हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।

३. आर्थिक बर्ष २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. बोनश शेयरको कर प्रयोजनका लागि चुक्ता पूंजीको ०.९३ प्रतिशतले हुने रु. १,२८,४४,७२९/४८ (अक्षरेपी एक करोड अट्ठाइस लाख चौवालीस हजार सात सय उनन्तीस र पैसा अड्चालीस मात्र) नगद लाभाँश वितरण गर्न स्वीकृत गर्ने ।



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

(ख) **विशेष प्रस्तावहरु :**

१. जारी तथा चुक्तापूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

२. चुक्ता पूँजीको १७.७० प्रतिशतले हुने रु. २४,४०,४९,८६०/०४ (अक्षरेपी चौबीस करोड चालीस लाख उनन्पचास हजार आठ सय साठी र पैसा चार मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

३. यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने विशेष प्रस्ताव पारित गर्ने ।

४. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध**

**(५) सभामा उपस्थिति**

**५.१ सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | अध्यक्ष | उपस्थित |
| २. | श्री भुवन भण्डारी | सञ्चालक | उपस्थित |
| ३. | डा. ताराप्रसाद उपाध्याय | सञ्चालक | उपस्थित |
| ४. | श्री कृष्णप्रसाद भण्डारी | सञ्चालक | उपस्थित |
| ५. | श्री मोहन चापागाई | सञ्चालक | उपस्थित |
| ६. | श्री गोपालप्रसाद पाण्डे | सञ्चालक | उपस्थित |

**५.२ बैंक पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत एवम् कम्पनी सचिव |
| २. | श्री सार्जन भट्टराई | नायव महाप्रवन्धक |
| ३. | श्री लोकराज पनेरु | नायव महाप्रवन्धक |
| ४. | श्री यशोधन पाण्डेय | बरिष्ठ प्रवन्धक |
| ५. | श्री भुवनप्रसाद पन्थ | प्रवन्धक |
| ६. | श्री किरणप्रसाद शर्मा नेपाल | प्रवन्धक |
| ७. | श्री लालमणी पन्थी | प्रवन्धक |
| ८. | श्री दिपक पोखरेल | नायव प्रवन्धक |
| ९. | श्री गोपाल खनाल | सहायक प्रवन्धक |
| १०. | श्री नम्रता थापा | सहायक प्रवन्धक |



SHINE RESUNGA DEVELOPMENT BANK LTD

११. श्री राजेश गौतम सहायक प्रवन्धक
१२. श्री मित्रमणी पोखरेल बरिष्ठ अधिकृत
१३. श्री देवीप्रसाद पौडेल बरिष्ठ अधिकृत

**५.३ शेयरधनीहरुको उपस्थिति**

१. संस्थापक शेयरधनीहरुको तर्फबाट स्वयं उपस्थित ४३ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ३०,५९,३४६ र प्रतिनिधी (प्रोक्सी) दिने ४७ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ३८,३५,५०७ गरी कुल- ९० जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या ६८,९४,८५३ कित्ता ।

२. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट स्वयं उपस्थित ९३ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ३,५५,१९९ र प्रोक्सी दिने २२२ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ८,५८,२०५ गरी कुल ३१५ जना शेयरधनीबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या १२,१३,४०४ कित्ता ।

३. कुल उपस्थित शेयर संख्या ८१,०८,२५७ कित्ता ।

४. शेयरको कुल उपस्थिति प्रतिशत ५८.८१ प्रतिशत ।

**(६) सभाको गणपूरक संख्या**

| विवरण | उपस्थित जम्मा शेयर संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या **१,३७,८६,१५४** | ८१,०८,२५७ | १३६ | २६९ | **४०५** | **५८.८१ %** |

कम्पनीको कुल शेयर १,३७,८६,१५४ कित्ता मध्ये ३४,१४,५४५ शेयर कित्ताका १३६ जना शेयरधनीहरु स्वयं उपस्थित हुनुभएको र ४६,९३,७१२ शेयर कित्ताका २६९ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयरको ५८.८१ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

**(७) सभाको वैधानिकता**

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार बिहान १० : ३० बजेसम्म कूल शेयर संख्या १,३७,८६,१५४ कित्ताको ८१,०८,२५७ शेयर अर्थात ५८.८१ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथिको तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

(८) **सभाको अध्यक्षता**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष ज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्रप्रसाद श्रेष्ठज्यूलाई सभाको अध्यक्षता गरी दिनुहुन आग्रह भएबमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो। साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, बैंकका पदाधिकारीहरु सबैलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो।

(९) **दशौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती**

९.१ **दशौं वार्षिक प्रतिवेदन प्रस्तुती**

सभाका अध्यक्ष ज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसार आर्थिक बर्ष २०७४/७५ को सञ्चालक समितिको प्रतिबेदन छलफल गरी निर्णयार्थका लागि सभा समक्ष पेश गर्नुभयो।

९.२ **लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती**

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिबेदन सहित मिति २०७५ आषाढ मसान्त सम्मको रु. १६,६५,८७,३१,०४५/६१ को पूँजी तथा दायित्व भएको वासलात, रु. १,७३,४५,०४,६३३/५२ कुल आम्दानी, रु. १,४१,६३,५१,५५३/९४ कुल खर्च (आयकर/कर्मचारी बोनस समेत) २०७४/७५ को नाफा-नोक्सान हिसाव तथा साधारण जगेडा कोष रु. ६,४५,९५,६३७/- छुट्याई बाँकी रहेको सञ्चित मुनाफा समेत रु. २४,४०,४९,८६०/०४ बराबरको बोनस शेयर प्रयोजन लाई छुट्याए पछिको संचित मुनाफा रु. ९९,५४,६१८/- वासलातमा सारिएको, अन्तिम नगद तथा बैक मौज्दात रु. १,१४,७०,३८,८२७/७२ भएको नगद प्रवाह बिवरण सहित वासलात, नाफा-नोक्सान हिसाव समेत छलफल गरी पारीत गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो।

(१०) **छलफलको लागि आव्हान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भएअनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको दशौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७४/०७५ को वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह बिवरण, अनुसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो।

(११) **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा ब्यक्त गर्नु भएको मन्तब्य**

सभामा शेयरधनी महानुभावहरुले देहाय बमोजिम जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो :

११.१ **श्री थानेश्वर पौडेल (संस्थापक शेयरधनी)**

समग्र बैंकिङ्ग क्षेत्रको बर्तमान चुनौतीहरु उपर प्रकाश पार्दे आगामी कार्यदिशाका सम्बन्धमा सुझाव राख्नु भयो।

११.२ **श्री भेषराज पाण्डे (संस्थापक शेयरधनी)**

लाभाँश दर तथा लेखापरीक्षण सम्बन्धमा जिज्ञासा तथा सुझाव राख्नु भयो।

११.३ **श्री जयलाल न्यौपाने (सर्वसाधारण शेयरधनी)**

बैंकको कारोबार विस्तार तथा मुनाफाको सम्बन्धमा जिज्ञासा राख्नु भयो ।

११.४ **श्री कमल तिवारी (सर्वसाधारण शेयरधनी)**

बैंकको छवि बजारमा उच्च रहेको, मर्जर तथा भवन निर्माण सम्बन्धमा सुझाव राख्नु भयो ।

११.५ **श्री माघवराज पाण्डे (सर्वसाधारण शेयरधनी)**

बैंकको अत्यन्त छिटो साधारण सभा गर्न सफल भएकोमा बधाई दिंदै आक्रामक रुपमा शाखा सञ्जाल विस्तार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उल्लेखित जिज्ञासाहरु उपर बैंकका अध्यक्ष श्री राजेन्द्रप्रसाद श्रेष्ठज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश पौडेल ज्यूले जवाफ दिनु भएको थियो ।

(१२) **सभाको निर्णय**

(क) **साधारण प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब. २०७४/०७५ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम एन.वि.एस.एम. एण्ड एशोसियट्स, काठमाण्डौंलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर समेत बार्षिक रकम रु. ६,२१,५००/- (अक्षरेपी छ लाख एक्काईस हजार पाँच सय रुपैंया मात्र) भुक्तान गर्नेगरी नियुक्त गर्न गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. बोनश शेयरको कर प्रयोजनका लागि चुक्ता पूंजीको ०.९३ प्रतिशतले हुने रु. १,२८,४४,७२९/४८ (अक्षरेपी एक करोड अट्ठाइस लाख चौवालीस हजार सात सय उनन्तीस र पैसा अड्चालीस मात्र) नगद लाभाँश वितरण गर्न छलफल गरी पारित गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

(ख) **विशेष प्रस्ताव**

१. **जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने**

विकास बैंकले आर्थिक बर्ष २०७४/०७५ को मुनाफाबाट १७.७० प्रतिशतले हुने रकम रु. २४,४०,४९,८६०/०४ (अक्षरेपी चौविस करोड चालिस लाख उनन्पचास हजार आठ सय साठी र पैसा चार मात्र) बोनस शेयर वितरण गर्ने र बोनस शेयर वितरण पश्चात विकास बैंकको पूंजी संरचनामा बृद्धि हुने भएकाले प्रवन्ध पत्रमा देहाय बमोजिमको संशोधन गर्ने प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

**प्रवन्धपत्र तर्फ :**

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

(ख) विकास बैंकको जारी पूँजी रु. १,६२,२६,६५,२६०/०४ (अक्षरेपी एक अर्ब बैसट्ठी करोड छब्बिस लाख पैसट्ठी हजार दुई सय साठी रुपैंया र पैसा चार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,६२,२६,६५२/६० (एक करोड बैसट्ठी लाख छब्बिस हजार छ सय बाउन्न दशमलव छ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) विकास बैंकको जारी पूँजी रु. १,६२,२६,६५,२६०/०४ (अक्षरेपी एक अर्ब बैसट्ठी करोड छब्बिस् लाख पैसट्ठी हजार दुई सय साठी रुपैंया र पैसा चार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,६२,२६,६५२/६० (एक करोड बैसट्ठी लाख छब्बिस हजार छ सय बाउन्न दशमलव छ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

२. चुक्ता पूँजीको १७.७० प्रतिशतले हुने रु. २४,४०,४९,८६०/०४ (अक्षरेपी चौबीस करोड चालीस लाख उनन्पचास हजार आठ सय साठी र पैसा चारमात्र) बराबरको बोनश शेयर वितरण गर्न गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित गरियो ।

३. यस शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने बिशेष प्रस्ताव पारित गरियोस भनि पेश गरिएकोमा सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

**प्रवन्धपत्र संशोधन तर्फ**

**दफा २ बिकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना**

परिवर्तन गरिएको (हालको ठेगाना बुटवल उप-महानगरपालिका वडा नं. ८ रहेकोमा संशोधन गरी **५ नं. प्रदेश बुटवल उप-महानगरपालिका वडा नं. ६** मा केन्द्रीय कार्यालय स्थानान्तरण भएको) ।

**दफा ३ विकास बैंकले गर्ने ब्यवसाय र कारोवारको प्रकृति**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।

**दफा ४ विकास बैंकको उद्देश्य**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।

**दफा ५ विकास बैंकको उद्देश्य प्राप्त गरिने कामहरु**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।

**(कख) थप गरिएको**

धितोपत्र खरिद सम्बन्धी निर्देशिका, २०७३ बमोजिम थप गरिएको ।

**दफा ११ अन्य आवश्यक कुराहरु**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।



SHINE RESUNGA DEVELOPMENT BANK LTD.

दफा १२ **विकास बैंकको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।

**नियमावली संशोधन तर्फ**

नियम २ **विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय :** परिवर्तन गरिएको (हालको ठेगाना बुटवल उप-महानगरपालिका वडा नं. ८ रहेकोमा संशोधन गरी **५ नं. प्रदेश बुटवल उप-महानगरपालिका वडा नं. ६** मा केन्द्रीय कार्यालय स्थानान्तरण भएको) ।

नियम ३ **परिभाषा :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।

नियम ३८ **सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधी :**

**उप-नियम २ :** कम्पनी ऐन, २०६३ (पहिलो संशोधन २०७४) बमोजिम संशोधन गरिएको ।

नियम ४९ **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था भए त्यस्तो कुरा :**

**उप-नियम ३ :** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको ।

५. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

(ग) **विविध :**

(१३) **धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

बैंकको दशौं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावज्यूहरुलाई अध्यक्ष ज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकमा कार्यरत कर्मचारीहरु लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्ष ज्यूले अपरान्ह १ : ३० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

SHINE RESUNGA DEVELOPMENT BANK LTD

| | |
|---|---|
| ................ | ................ |
| प्रकाश पौडेल | राजेन्द्रप्रसाद श्रेष्ठ |
| प्रमुख कार्यकारी अधिकृत एवम् कम्पनी सचिव | अध्यक्ष (सञ्चालक समिति) |